म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ८० बिहीबार २ कार्तिक २०८० ने. सं. ११४३ कौलाथ्व 19 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## दाइमाथि खुकुरी प्रहार गर्ने जीवन पक्राउ

हेटौंडा, १ कार्तिक/मकवानपुरको बागमती गाउँपालिकामा आफ्नै दाइमाथि खुकुरी प्रहार गरी घाइते बनाएको आरोपमा भाइलाई प्रहरीले पक्राउ गरेको छ । बागमती वडा नं. ९ बेतिनी अगौटेमा आफ्नै दाजुमाथि खुकुरी प्रहार गरी फरार रहेका भाइलाई प्रहरीले मंगलबार पक्राउ गरेको हो । अगौटे बस्ने ४८ बर्षीय अशोक तुमसिंहलाई खुकुरी प्रहार गरी फरार रहेका ४७ बर्षीय जीवनबहादुर तुमसिंहलाई पक्राउ गरिएको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । भाइ जीवनले आफ्नै दाइ अशोकलाई गत असोज २८ गते साँझ खुकुरी प्रहार गरेका थिए । प्रहरीका अनुसार खुकुरी प्रहारबाट दाजु अशोकको घाँटी र दाहिने हातमा काटेको थियो । पक्राउ परेका जीवनमाथि आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# मकवानपुरगढीमा वर्षाका कारण धान बालीमा क्षति

साझाकुरा संवाददाता

हेटौंडा, १ कार्तिक/ बेमौसमी वर्षाका कारण धानबालीमा क्षति भएको छ । कृषकहरुले लगाएको धानबालीमा मंगलबार विहान र राती आएको हावासहितको पानीले क्षति पुऱ्याएको हो ।

मकवानपुरको मकवानपुर गढी गाउँपालिका-५ सिमलटार, धादिङफाँट सहित गाउँपालिकाको विभिन्न स्थानमा धानबालीमा क्षती पुगेको स्थानीय किसानहरुले बताएका छन् । सिमलटारका कृषक एटबहादुर बस्नेतका अनुसार धानबाली भित्राउने समयमा हावासहितको पानीले खेतमै धान ढलेकाले चिन्तित बनाएको बताए ।



मंगलबार विहान राती करिब २ बजे हावा सहितको वर्षाले धान पाकेर भित्राउन जुटेका किसान बाली नोक्सान हुने पीरले चिन्तित बनाएको बताए । अझै वर्षा भएमा पाकेको धानबाली खेतमै कुहिने चिन्ता बढेको उनले बताए । अर्का किसान विष्णुकुमारी बजगाईले पाकेको धान काटेर खेतमा सुकाउँदा पानीले गर्दा धान र पराल दुवैमा असर परेको बताइन् । वर्षभर खाने उपजमा यसरी बैमौसमी वर्षाले गर्दा यस क्षेत्रका सयौं किसानहरु मर्कामा परेको बजगाई बताउँछिन् ।

गाउँपालिका कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरीका अनुसार मंगलबार विहान आएको हावा सहितको पानीले पालिकाभित्रका विभिन्न स्थानमा धानबालीमा क्षति पुगेको छ । मकवानपुरगढी मात्र नभई मनहरी गाउँपालिकाका रजैया, ज्यामिरे, सिमपानी, हाँडीखोला क्षेत्रमा पनि धानबालीमा क्षति पुगेको मनहरी गाउँपालिकाले जनाएको छ । मकवानपुरको अधिकांश क्षेत्रमा पाक्न लागेको धानमा पानीले क्षति गरेपछि किसानहरु चिन्तित रहेका छन् ।

गतवर्ष पनि पाक्न लागेको धानबालीमा मनसुन बाहिरिने बेला परेको वर्षासँगैको असिना र हावाहुरीका कारण ठूलो क्षति पुगेको थियो । यो वर्ष मकवानपुरमा मात्र नभइ देशका बिभिन्न जिल्लामा बालीनालीमा क्षति पुगेको छ । पर्वतमा धानबालीमा क्षति पुगेको छ । सोमबार र मंगलबारको वर्षा तथा हावाहुरीले पर्वतका विभिन्न स्थानमा लगाइएको धानबालीमा क्षति पुगेको हो । केही स्थानमा धान ढलेर सोत्तर बनेको कृषकले गुनासो गरेका छन् ।

पर्वतको कुश्मा, फलेवास, विहादी, जलजला, पैयुँ र मोदीका विभिन्न वडामा लगाइएको धानबालीमा हावाहुरी र असिनाले क्षति पुऱ्याएको छ । कतिपय ठाउँमा सामान्य असिनासमेत परेर धान झारेको कुश्मा नगरपालिका-८ चुवाका कृषक रुद्रप्रसाद शर्माले जानकारी दिए । पाक्न थालेको धान हावाहुरी र पानीले पूरै सोत्तर बनाएको उनको गुनासो छ । त्यसैगरी, कुश्मा वडा-१ पाङको फाँट, वडा-९ ज्ञादीको फाँट, कुर्घा र बर्राचौरको फाँटमा समेत धान पूरै ढलेको छ ।

फसल भित्राउने बेलामा धान ढल्दा राम्रोसँग नपाक्ने, गेडा पुष्ट नहुने र उत्पादनमा समेत ह्रास आउने कुश्मा नगरपालिकाका कृषि शाखाप्रमुख बलबहादुर जिटीले जानकारी दिए ।

कृषि ज्ञानकेन्द्रका पर्वतका प्रमुख वरिष्ठ कृषिविकास अधिकृत परशुराम अधिकारीले वर्षा, असिना र हावाहुरीले धानबालीमा पुऱ्याएको क्षतिबारे विवरण संकलन भइरहेको जानकारी दिए । उनले पर्वतको सातवटै पालिकाबाट धानबालीमा पुगेको असरका बारेमा विवरण संकलनको काम भइरहेको बताए ।


कैलालीमा केरा तयार भएर आम्दानी लिने समयमा आएको बेमौसमी वर्षासँगैको हावाहुरीले किसानलाई नोक्सान भएको छ । हावाहुरीले केराखेतीमा लाखौँ रुपैयाँको क्षति पुर्याएको किसानको भनाइ छ । गत असोज २९ गते वर्षासँगै आएको हावाहुरीले कैलालीमा धानबाली र केराखेतीमा क्षति भएको छ । पाँच बिघा क्षेत्रफलमा केराखेती गरेका टीकापुर-५ झन्झटपुरका रेवन्त साउदको केराबारीमा करिब ७५ प्रतिशत क्षति भएको छ । बारीमा भएका अधिकांश केराका बोट हावाहुरीले ढालेको छ । उत्पादन लिने समयमा हावाहुरीले एकैपटक क्षति पुऱ्याउँदा उनलाई निकै पीडा भएको बताएका छन् ।

वर्षभरिको मेहनत खेर गएको, लगानी पनि डुबेको किसानहरुले बताएका छन् । अर्का केरा उत्पादक किसान रामबहादुर कुँवरले पनि जोशीपुरको झवही, टीकापुरको शंकरपुर र जानकीको गोलौरीमा गरी ३२ बिघा क्षेत्रफलमा केराखेती गरेका छन् । उनको बारीमा पनि क्षति भएको छ । 'अहिलेसम्म कति बोट ढले भन्ने यकिन छैन', उनले भने किसानलाई कसैगरी पनि उभो लाग्ने वातावरण छैन, गएको वर्ष खडेरीले केरा बिग्रियो अहिले फेरि हावाहुरीले ठूलो क्षति गर्यो ।'

# मकवानपुरबाट २ करोड बढीको खसी, बोका निर्यात

साझाकुरा संवाददाता

हेटौंडा, १ कार्तिक/ मकवानपुर जिल्लाबाट यसवर्ष २ करोड रुपैयाँभन्दा बढीको खसीबोका निर्यात गरिएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी वीरगंजले मकवानपुरबाट २ करोड भन्दा बढीको खसीबोका काठमाडौं पठाएका हो ।



यसवर्ष मकवानपुरबाट ९ सय खसीबोका काठमाडौं पठाइएको छ । खसीबोका खरिदका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी वीर गंज शाखाप्रमुख विकास कटुवालको टोली तीन दिन अघि मकवानपुर आएको हो । मकवानपुरको स्थानीय तहमा गएर संस्थानले खसीबोका खरीद गरेको हो । बकैया, बागमती, हेटौंडा-८ स्थित संस्थानको साविकको कार्यालय र हेटौंडा-१ चौकीटोल, झोलुङे पुलबाट खसीबोका गरिद गरिएको हो ।

विगतको वर्षहरुमा जस्तै कृषकसँग सीधै सम्पर्क गरेर खाद्यले खसीबोका खरीद गरेको शाखाप्रमुख कटुवालले बताए । कम्पनीले बागमती र बकैया गाउँपालिकाबाट मात्रै एक करोड ३० लाख मूल्य बराबरको खसीबोका खरीद गरेको छ । पालिका र बाखापालक व्यावसायी संघ मकवानपुरको समन्वयमा कृषकसँग खसीबोका खरीद गरिएको हो । किसानले उत्पादन गरेको खसीबोका सीधै उपभोक्तासम्म पुग्नका लागि नेपाल व्यावसायिक बाखापालक महासंघ मकवानपुर अध्यक्ष विवेक सुवेदीले बताए ।

२० देखि २५ किलोग्रामसम्मको खसीलाई प्रतिकेजि ५ सय ८५ रुपैयाँ र २५ किलोग्राम भन्दा बढीलाई प्रतिकेजि ६ सय ५ रुपैयाँका दरले कम्पनीले खरीद गरेको छ । बिगतका वर्षमा नामटारमा रहेको बाखा फर्मबाट कम्पनीले खसीबोका खरीद गर्ने गरेको थियो । स्थानीय प्रशासनले मूल्य निर्धारणमा समन्वय गर्ने गरेको छ ।

# कैलाश गाउँपालिकाद्वारा भीमफेदी कारागारमा खसी र खाद्यान्न प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, १ कार्तिक/ नेपालीको सबैभन्दा ठूलो पर्व दसैंको अवसरमा मकवानपुरको कैलाश गाउँपालिकाले भीमफेदी कारागारमा रहेका कैदीबन्दीका लागि खसी र खाद्यान्न उपलब्ध गराएको छ । कारागारमा रहेका कैदीबन्दीलाई सुखद तरिकाले दसैं मनाउनको लागि गाउँपालिकाले खसी र खाद्यान्न सहयोग गरेको हो ।

बुधबार गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तान र उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले २ वटा खसी (करिब ६० केजी), चिउरा एक सय २० केजी, तेल २ कार्टुन कारागारलाई हस्तान्तरण गरेका हुन् । हस्तान्तरण कार्यक्रममा गाउँपालिकाका लेखाप्रमुख नवीन धिताल, रोजगार संयोजक अर्पण लामा, कैलाश-१० का पूर्ववडाध्यक्ष माणिकलाल मुक्तान लगायतको उपस्थिति थियो ।

अध्यक्ष मुक्तानसहितको टोलीले कारागारमा रहेका कैदीबन्दीसँग भेटघाट गरी शुभकामना आदानप्रदान समेत गरेका थिए । कैलाश गाउँपालिकाका ४५ जना भन्दा बढी युवा लागूऔषध ओसारपसारको अभियोगमा कारागारमा छन् । कारागारमा एक हजार ३८ पुरुष, ३७ महिला कैदीबन्दी र २ जना आश्रित नाबालक रहेका छन् । कारागारमा २ वटा पुरुष ब्लक र १ वटा महिला ब्लक रहेको छ ।

# मनहरीमा गाउँपालिकाद्वारा दुध बिक्रीको अनुदान ५६ लाख वितरण



साझाकुरा संवाददाता

हेटौंडा, १ कार्तिक/ मनहरीका कृषकलाई दुध विक्री वितरण गरेवापत यस वर्षदेखि गाउँपालिकाले प्रतिलिटर ३ रुपयाँ अनुदान दिन थालेको छ ।

विगतमा प्रतिलिटर १ रुपयाँदेखि सुरु भएको अनुदान यसवर्ष प्रतिलिटर ३ रुपयाँ पुगेको हो । गाउँपालिकाले प्रत्येक वर्ष अघिल्लो आर्थिक वर्षमा बिक्रीवितरण गरिएको दुधको परिणाम आुसार अनुदान रकम चालु आर्थिक वर्षमा वितरण गर्दै आएको छ । सोहीअनुरुप बुधबार गाउँपालिकाका कार्यवाहक अध्यक्ष शिवप्रसाद खनालले दुग्ध उत्पादक कृषक तथा दुग्ध संकलक कृषि सहकारी संस्थालाई अनुदानवापतको रकम वितरण गरे । गत आ.व. २०७९/८० मा गाउँपालिका भित्र मात्रै कुल १ हजार २ सय ९३ कृषकले १८ लाख ६८ हजार ३ सय ७२ लिटर विक्री गरेको दुधमा अनुदान वितरण गरिएको हो ।

गाउँपालिकाले प्रतिलिटर ३ रुपयाँको दरले कूल ५६ लाख ५ हजार १ सय १९ रुपैयाँ अनुदान वितरण गरेको हो । गाउँपालिकाले दुधमा अनुदान वितरण गरेको कार्यक्रमले सामान्य दुग्ध उत्पादक कृषकलाई त हौसला मिलेको नै छ साथै दुरदराजका सीमान्तकृत चेपाङ समुदाय पनि यसबाट लाभान्वित छन् । मनहरी-४ निवासी भुवन प्रजाले गत साल मात्रै विक्री गरेको ७ हजार ३६ लिटर दुध वापत २१ हजार १ सय ११ रुपैयाँ प्राप्त गरे । मानिसलाई पौरखी सँगसँगै आत्मनिर्भर बनाउने यस्ता अनुदानमुखी कार्यक्रम आगामी दिनमा थप परिस्कृत गर्दै लैजाने कार्यवाहक अध्यक्ष खनालको भनाई छ ।

# प्रदेश सरकार संघीयता कार्यान्वयनमा प्रतिबद्धः मन्त्री श्रेष्ठ



साझाकुरा संवाददाता

हेटौंडा, १ कार्तिक/ बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले प्रदेश सरकार संघीयता कार्यान्वयनमा प्रतिबद्ध रहेको बताएका छन् ।

बुधबार भएको पत्रकार भेटघाट कार्यक्रममा मन्त्री श्रेष्ठले २०७२ सालमा जारी भएको संविधानको मर्म र भावना अनुरुप प्रदेश सरकार अगाडि बढिरहेको बताए । प्रदेशसभाबाट तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषाको रुपमा सामेल गराउने विधेयक पारित गरेर बागमती प्रदेश सरकार संघीयताप्रति पूर्णरुपमा प्रतिबद्ध रहेको पुष्टि भएको समेत मन्त्री श्रेष्ठले जिकिर गरे । भाषा ऐन संघीयता कार्यान्वयनको सवालमा कोशेढुंगा सावित हुने मन्त्री श्रेष्ठले विश्वास व्यक्त गरे ।

पत्रकार सम्मेलनमा मन्त्री श्रेष्ठले प्रहरी समायोजन ऐनको लागि प्रदेश सरकारले संघीय सरकारको ध्यानाकर्षण गराएको बताए । गठबन्धन सरकारको न्युनतम साझा कार्यक्रममा ६ महिनाभित्र प्रहरी समायोजन गर्ने प्रतिबद्धता उल्लेख भएतापनि त्यसो हुन नसकेको उनले बताए । विगतका ऐन कानुनहरुलाई समयानुकूल परिमार्जन गरेर बनेका ऐनहरुलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नुपर्ने मन्त्री श्रेष्ठको भनाई छ ।

मन्त्री श्रेष्ठले सघीय सरकारले निजामती ऐन ल्याउन ढिलाई गर्दा प्रदेश सरकारले निजामती ऐन ल्याएर कर्मचारी नियुक्त गर्नु नै प्रदेश सरकारको ठुलो सफलता भएको दाबी गरे । चाडपर्वको शुभकामना आदानप्रदान गर्न आयोजित कार्यक्रममा मकवानपुरका सक्रिय पत्रकारहरुको सहभागिता रहेको थियो ।

## श्रृजना युवा क्लबको आयोजनामा फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, १ कार्तिक/ श्रृजना युवा क्लब बकैया-४ को आयोजनामा पुरुष खुल्ला फुटबल प्रतियोगिता जारी छ । क्लबले नेपालीको महान पर्व बडादसैं, शुभदीपावली तथा छठपर्वको अवसरमा प्रतियोगिताको आयोजना गरेको हो ।

असोज २८ गतेदेखि सुरु भएको प्रतियोगिता कात्तिक ३ गते साँस्कृतिक कार्यक्रमसहित समापन गरिने क्लबका अध्यक्ष हर्कबहादुर भुलुनले जानकारी दिए । उनका अनुसार, प्रतियोगितामा विभिन्न १२ वटा टिमले सहभागिता जनाएको छ । प्रतियोगिताको विजेताले नगद ३० हजार रुपैयाँ र उपविजेताले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने क्लबका अध्यक्ष भुलुनले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्यास रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# अपर तामाकोशीमा लगानीको मौका

यसपालिको दसैंको दक्षिणा बचाएर अपर तामाकोशीको लिलामी शेयर किन्ने अवसर आउने भएको छ । दसैंको दक्षिणा दगानी गर्ने र भविश्यमा राम्रो आम्दानी गर्ने मौका आएको हो । अपर तामाकोशीको हकप्रद निर्धारित समयमा बिक्री नभएर समय थप्दा पनि सबै सेयर बिक्री भएको छैन । अपर तामाकोशी हाइड्रोपावर कम्पनी लिमिटेडको करिव १ अर्ब २७ करोड रुपैयाँ बराबरको हकप्रद शेयर लिलामीमा आउन लागेको छ । यो मौकालाई सदुपयोग गर्न सकिने भएको छ । चाडपर्वमा हामीले केही यस्ता अनावश्यक काममा पनि खर्च गर्ने गरेका छौं जुन अति आवश्यक काममा मात्र खर्च गर्ने र रकम जोगाएर तामाकोशीको लिलामी सेयर खरिद गर्ने हो भने त्यसले भबिश्यमा राम्रो आम्दानी दिन सक्छ । केहीदिन अघि हेटौंडा-३ बसामाडीस्थित नेपाल लिभरले प्रतिसेयर एक हजार ५ सय ८० रुपैयाँ नगद लाभांश दिने घोषणा गरेको थियो । २५ वर्ष अघि एक हजार रुपैयाँ लगानी गर्ने ब्यक्तिले अहिले १५ हजार रुपैयाँ बोनस पाउने भएका छन् । भोलिका दिनमा अपर तामाकोशीको पनि यो अवस्था नआउला भन्न सकिन्न । अपर तामाकोशी हाइड्रोपावर कम्पनी लिमिटेडले बिक्री नभएको हकप्रद शेयर दसैंलगतै लिलामीमा ल्याउन लागेको हो ।

अपर तामाकोशी हाइड्रोपावरको १२ प्रतिशतभन्दा बढी हकप्रद शेयर बिक्री भएको छैन । अपर तामाकोशीको ५१ प्रतिशत संस्थापक शेयरधनीले हकप्रद शेयर भरिसकेका छन् । बिक्री नभएपछि कम्पनीले असोज २२ गतेसम्म हकप्रद भर्ने समय थपेको थियो । कम्पनीले हकप्रद भर्न समय थप गर्दा पनि १२ प्रतिशत शेयर बिक्री नभएको हो । कम्पनीको ४९ प्रतिशत साधारण शेयरमध्ये सर्वसाधारणबाट ५ अर्ब १९ करोड ९१ लाख रुपैयाँ बराबरको हकप्रद शेयर बिक्रीमा ल्याएको थियो । त्यसमध्ये ३ अर्ब ९३ करोड रुपैयाँ बराबरको हकप्रद शेयर मात्र बिक्री भएको छ । बाँकी १ अर्ब २६ करोड ९१ लाख रुपैयाँ बराबरको हकप्रद शेयर अपर तामाकोशी हाइड्रोपावरले लिलामीमा ल्याउन लागेको हो । आवेदन नपरेको शेयर कम्पनीले लिलामीमा बेच्नेछ । अहिले अपर तामाकोशीको शेयर मूल्य २ सय रुपैयाँ हाराहारीमा छ । हकप्रद शेयर निष्काशन गरेर संकलित रकम कम्पनीले ऋण चुक्ता गर्ने र केही रकम भने कम्पनीले प्रबर्द्धन गरिरहेको रोल्वालिङ हाइड्रोपावरमा लगानी गर्ने जनाएको छ । दोलखामा सञ्चालित ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको प्रवर्द्धक कम्पनीले गतभदौ १८ गतेदेखि शेयरधनीहरुलाई १ कित्ता शेयर बराबर १ कित्ताको प्रतिशेयर १०० रुपैयाँ अंकित दरको हकप्रद शेयर निष्कासन गरेको थियो । कम्पनीका संस्थापकहरु नेपाल विद्युत प्राधिकरण, नेपाल दूर सञ्चार कम्पनी लि.(नेपाल टेलिकम), नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानले आफ्नो सेयर अनुपातमा हकप्रद शेयरबापतको रकम शतप्रतिशत चुक्ता गरिसकेका छन् ।

संस्थापकहरुले ५ अर्ब ४० करोड ९ लाख रुपैयाँ चुक्ता गरेका हुन् । कम्पनीको ४९ प्रतिशत साधारण शेयरमध्ये सर्वसाधारणहरुबाट ५ अर्ब १९ करोड ९१ लाख रुपैयाँ चुक्ता हुनुपर्ने थियो । सर्वसाधारण शेयरधनीबाट ३ अर्ब ९३ करोड रकम संकलन भएको कम्पनीले जनाएको छ । १० अर्ब ५९ करोड रुपैयाँ चुक्ता पूँजी रहेको कम्पनीमा प्राधिकरणको ४१ प्रतिशत, नेपाल टेलिकमको ६ प्रतिशत र नागरिक लगानी कोष तथा राष्ट्रियबीमा संस्थानको २-२ प्रतिशत संस्थापक शेयर रहेको छ । शेयर स्वामित्व अनुसार, प्राधिकरणले ४ अर्ब ३४ करोड १९ लाख, नेपाल टेलिकमले ६३ करोड ५४ लाख र नागरिक लगानी कोष तथा राष्ट्रिय बीमा संस्थानले २१ करोड १८ लाख २१ करोड १८ लाख रुपैयाँ हकप्रद शेयर बापतको रकम चुक्ता गरिसकेका छन् । कम्पनीको ४९ प्रतिशत साधारण शेयरमध्ये कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताको १७.२८ प्रतिशत, आयोजनामा ऋण प्रवाह गर्ने कर्मचारीको २.८८ प्रतिशत, कम्पनी र प्राधिकरणका कर्मचारीको ८.८४ प्रतिशत, दोलखाबासीको १० प्रतिशत र सर्वसाधारणको १५ प्रतिशत साधारण शेयर स्वामित्व छ । सर्वसाधारणतर्फबाट ५ अर्ब १९ करोड ९१ लाख रुपैयाँ चुक्ता हुनु पर्ने छ । हकप्रद शेयर बापतको रकम संकलन पछि कम्पनीको चुक्ता पूँजी २१ अर्ब १८ करोड रुपैयाँ पुग्ने छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० कार्तिक ३ गते शुक्रबार २० अक्टोबर २०२३ । षष्ठी आश्विन कृष्णपक्ष । कौलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:०६, सूर्यास्त ५:३० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : चुनौतीहरु देखा पर्न सक्नेछ | **तुला** | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| **वृष** | : व्यवसायमा सामान्य फाइदा हुनेछ | **वृश्चिक** | : लगनशीलताले उपलब्धि दिलाउनेछ |
| **मिथुन** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ | **धनु** | : प्रयत्न सफल हुनेछ |
| **कर्कट** | : यात्रामा खर्च बढ्नेछ | **मकर** | : पढाइलेखाइमा प्रगति हुनेछ |
| **सिंह** | : मौकाको फाइदा लिन सकिनेछ | **कुम्भ** | : सेवामूलक कामबाट धनलाभ हुनेछ |
| **कन्या** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ | **मीन** | : स्वास्थ्य कमजोर रहनेछ |

# संसदीय लेखा समितिको प्रभावकारितामाथि केही प्रश्न



✍ डा. मानबहादुर बीके

प्रजातन्त्रको आधारभूत अभ्यास सभा गर्ने प्रचलन प्राचीन मेसोपोटामिया (हालको सिरिया र इराक) बाट ई.पू. २५०० देखि थालनी भएता पनि यसको परिमार्जित अभ्यास भने ई.पू. ५०० देखि प्राचीन ग्रीसबाट भएको मानिन्छ । यस्ता सभाहरू नगर राज्यका सभाहरू थिए जसमा प्रत्येक नागरिक आफैं उपस्थित भई प्रत्यक्ष प्रजातन्त्रको अभ्यास गर्थे । आधुनिक संसदीय परम्परा भने आठौं शताब्दीमा बेलायतबाट सुरु भएको मानिन्छ ।

संसदीय अभ्यासको एक महत्वपूर्ण विशेषता भनेको संसदीय समिति हुन् । यस्ता समितिहरूलाई मिनी पार्लियामेन्ट पनि भन्ने गरिन्छ । १६औं शताब्दीतिर संसदीय व्यवस्थाको जननी मानिने बेलायतको संसदले आफ्ना सदस्यहरू रहेको स-साना समितिहरू गठन गरी संसदीय काम-कारबाहीमा सरिक गराएको देखिन्छ ।

सन् १८२२ बाट मात्र बेलायतमा स्थायी प्रकृतिको समितिको सुरुवात भएको र पछि अमेरिका र फ्रान्सले पनि अवलम्बन गरेको भेटिन्छ । अहिले संसदीय व्यवस्था अपनाएका सबै मुलुकहरूले संसदीय समितिको अभ्यास गर्छन् । सभाका सदस्यहरू मध्येबाट कानुन बमोजिम गठन भएका स-साना समूहहरू नै संसदीय समिति हुन् ।

यस्ता समितिहरूमा दलीय राजनीति भन्दा माथि उठेर विषयको गहिराइमा पुगी छलफल गरिने हुँदा समितिलाई शीतल कोठा पनि भनिन्छ । समितिलाई बेलायती संसदमा 'मिनी पार्लियामेन्ट' भनिन्छ भने अमेरिकी कंग्रेसमा 'पार्लियामेन्टरी वर्कशप' भन्ने चलन छ । तीमध्ये सार्वजनिक लेखा समिति सबैभन्दा पुरानो र विशेष प्रकृतिको समिति हो जसले सरकारका सार्वजनिक वित्त परिचालन सम्बन्धी निगरानी गर्ने गर्दछ ।

राज्यकोषको खर्च संसद्ले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययीपूर्वक खर्च भए-नभएको जाँच-पड्ताल गर्न सार्वजनिक लेखा समितिको गठन भने बेलायतको संसदमा सन् १८६१ मा भएको थियो । बेलायतमा सार्वजनिक लेखा समितिको सभापति संसदमा विपक्षी दललाई दिने मान्यता स्थापित गरिएको छ ।

### नेपालको संसदीय अभ्यासमा सार्वजनिक लेखा समिति

२०१५ सालमा आमनिर्वाचन भएपछि नेपालले संसदीय व्यवस्था अवलम्बन गऱ्यो । सैद्धान्तिक रूपमा बेलायती ढाँचाको वेस्टमिन्स्टेरियल प्रणाली अवलम्बन गरेको नेपालले संसदीय अभ्यास पनि कुनै सीधै बेलायती व्यवस्था अपनायो भने केही भारतीय अभ्यासको सिको गरेको पाइन्छ ।

तत्कालीन संविधानमा प्रतिनिधिसभा र महासभा अन्तर्गत विभिन्न समिति गठन गर्ने व्यवस्था रहेको पाइन्छ । २०१७ सालमा राजा महेन्द्रले संसदीय व्यवस्थाको अन्त्य गरी पञ्चायती व्यवस्था लागू गरे । तर पञ्चायती व्यवस्थामा पनि राष्ट्रिय पञ्चायत नामको एक सदनात्मक विधायिकी अभ्यास भने कायमै राखिएको थियो ।

२०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछि भने दुई सदनात्मक संसदीय अभ्यासको पुन: थालनी गरियो । २०६४ देखि २०७२ सालसम्म संविधानसभाको व्यवस्था रहेकोले त्यसैले एक सदनात्मक विधायिकीको काम पनि गऱ्यो । २०७२ सालमा नयाँ संविधान जारी भएपछि २०७४ सालमा भएको निर्वाचनदेखि संघीय संसदमा दुई सदनात्मक र प्रदेश सभामा एक सदनात्मक संसदीय अभ्यास हुँदै आएको छ ।

२०४६ सालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भएपछि २०४८ सालमा आमनिर्वाचन सम्पन्न भई ३० वर्षपछि संसदीय अभ्यास पुन: सुरु भयो । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको थियो । हाल नेपालको संविधानको धारा ९७ तथा संघीय संसद, प्रतिनिधिसभा नियमावलीमा विभिन्न विषयगत समिति रहने व्यवस्था रहेको छ । ती विषयगत समितिहरूमध्ये सार्वजनिक लेखा समिति पनि एक महत्वपूर्ण समिति हो ।

त्यस्तै संविधानको धारा १९३ बमोजिम प्रदेश सभा नियमावली बमोजिम गठन हुने विषयगत समितिहरूमध्ये सार्वजनिक लेखा समिति एक महत्वपूर्ण समिति हो । राज्यकोषको खर्च नियमानुसार र कानुन बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए-नभएको जाँच-पड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य हो ।

### सार्वजनिक लेखा समितिका समस्या र चुनौती

#### १. सभापतिको चयनमै ढिलासुस्ती

प्रदेश सभा नियमावलीमा समितिको सभापति नभएको वा नरहेको अवस्थामा उपस्थित सदस्यहरूमध्ये ज्येष्ठ सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछ भन्ने उल्लेख भएतापनि सभापतिको चयन नहुँदासम्म समितिले खासै काम गरेको पाइँदैन । कतिपय प्रदेशमा सभापतिको चयन हुन नै ढिला गरिएको देखिन्छ । जस्तै, मधेश प्रदेशको हेर्ने हो भने करिब प्रदेश सभाको अवधिको अन्तिम समयतिर मात्र सभापति चयन गरिएको थियो ।

कर्णाली प्रदेशको पनि दुई वर्षपछि मात्र समितिको सभापति चयन गरिएको थियो । अझै विडम्बना त बीचमा सभापति मन्त्री भएर जाने र रिक्त सभापतिको चयन लामो समयसम्म नहुने गरेको देखिन्छ । यस्तै कारणले लुम्बिनी प्रदेशमा करिब १३ महिनासम्म सभापतिको पद खाली रह्यो । यस्तै उदाहरण अरू प्रदेशमा पनि छ । सार्वजनिक लेखा समितिको सभापति विपक्षी दललाई दिने अन्तर्राष्ट्रिय चलन भए तापनि सो कुराको पालना हुनसकेको देखिएन । दलहरूका बीचमा कुरा नमिलेपछि निर्वाचन हुने र निर्वाचनमा सत्ता पक्षकै बहुमत हुने हुँदा सत्तापक्षीय सभापति हुने अवस्था स्वत: निर्माण हुने गरेको पाइन्छ ।

#### २. समितिमा लैङ्गिक तथा समावेशिताको सवाल

कुनै पनि निकाय वा संरचनामा विभिन्न जाति, समुदायको समावेशिताले त्यस निकाय वा संरचनाको कार्यसम्पादन उन्नत हुँदै जान्छ । त्यो कुरा नेपालको संविधानले समेत सुनिश्चित गरेको छ ।

तदनुरूप प्रतिनिधिसभा नियमावली २०७५ को नियम १७२ (३) मा समितिमा सदस्यको मनोनयन गर्दा सदनमा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी जनजाति, खस-आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतको समानुपातिक प्रतिनिधित्व गराइनेछ भन्ने उल्लेख गरेको थियो । साथै, त्यही व्यहोरा सबै प्रदेशका नियमावलीमा पनि राखिएको थियो । उल्लेखित प्रावधान अनुसार सुदूरपश्चिम बाहेक कुनै पनि प्रदेशको सार्वजनिक लेखा समितिको सभापतिमा महिला सदस्य थिएनन् ।

प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको लामो इतिहासमा अहिलेसम्म कोही पनि महिला सदस्य सभापति भएको पाइएन । महिला सदस्यको अवस्था हेर्दा कर्णाली प्रदेशमा ५० प्रतिशत महिला सदस्य रहेका थिए भने मधेश प्रदेशमा त महिला सदस्यको संख्या एक जना मात्र रहेको थियो । अन्य समुदायको हकमा पनि अपेक्षित समावेशिता देखिंदैन । सबैभन्दा तल्लो तप्कामा रहेको दलित समुदायको प्रतिनिधित्व मेची, बागमती र गण्डकीमा शून्य थियो भने मधेश, लुम्बिनी, कर्णाली र सुदूर पश्चिममा एक एक जना मात्र थिए ।

सबैभन्दा धेरै २५ जना सदस्य रहेको प्रतिनिधिसभामा पनि एक जना मात्र दलित सदस्य रहेकोबाट प्रष्ट हुन्छ कि समावेशिताको मामिलामा समिति धेरै पछाडि छ । दलीय राजनीति र परम्परागत सोचका कारण महिलालाई नेतृत्व दिन नसकेको देखिन्छ । महिला सभापति भएकै अवस्थामा पनि समितिमा पुरुष सदस्यहरूकै बाहुल्य हुने तथा दलका शीर्ष र प्रभावशाली नेताहरूको निर्देशनबाट समितिका गतिविधि तथा निर्णय प्रभावित गर्ने प्रवृत्ति कायमै देखियो ।

#### ३. सञ्चारमाध्यम विषय उठानका मुख्य स्रोत

सबैजसो प्रदेशमा सरकारबाट भएका अनियमितताका सम्बन्धमा विषय उठान सञ्चार माध्यमबाट नै भएको पाइएको थियो । सञ्चार माध्यममा आएका कुराहरूलाई नै आधार मानेर समितिले विषयवस्तु आफ्नो कार्यसूचीमा समावेश गरी छलफल चलाएको पाइयो । पछिल्लो समय त सामाजिक सञ्जाल झनै सक्रिय र सबैको पहुँचमा भएकोले यस्ता विषयवस्तुको उठान पनि त्यहींबाट हुने गरेको पाइयो ।

पत्रकारहरूका लागि खुला रहेको बैठक पछिल्लो समय भने बन्द गरिएको थियो किनकि कुनै विषयवस्तु छानबिनकै दौरान पत्रपत्रिकालाई जानकारी गराउँदा छानबिनमै प्रभाव परेको अनुभव पनि रहेको छ । समष्टिगत रूपमा प्रभावकारी सञ्चारमाध्यमको अभाव, स्वार्थकेन्द्रित तथा दलीय आस्थामा आबद्ध पत्रकारिता र तथ्यहीन विषयमा कलम चलाउने सञ्चारमाध्यमको आम प्रवृत्तिको असर यहाँ पनि पर्ने गरेको पाइयो ।

#### ४. नागरिकसाग न्यून पहुँच

नागरिकसँग समितिको पहुँच न्यून रहेको कुरा नागरिकबाट समितिमा खासै उजुरी नपरेकोबाट प्रष्ट हुन्छ । सबै प्रदेशमा एकाध वटा बाहेक समितिमा उजुरी परेको पाइएन । नागरिक तहमा समितिले पनि सीधै उजुरी लिई छानबिन गर्छ भन्ने जानकारी नै रहेनछ । राजनीतिक दलको प्रतिनिधित्व गर्ने सदस्यहरूले निष्पक्ष छानबिन गर्छन् भन्ने विश्वास आर्जन गर्न नसक्दा नागरिकले उजुरी नगरेका हुनसक्छन् ।

समितिका सदस्यहरूलाई नियमित रूपमा स्थलगत भ्रमण गरी आयोजनाहरू अवलोकन गर्ने र जनताका गुनासो संकलन गर्न जिल्ला नै तोकी जिम्मा दिने गरिएको पनि पाइयो । तर यो त्यति प्रभावकारी पाइएन । बरु यस्तो भ्रमणको प्रयोग सम्बन्धित राजनीतिक दलको संगठन विस्तार वा अन्य क्रियाकलापका लागि हुने गरेको पाइयो ।

#### ५. "लागत प्रभावी" नबनेको काम-कारबाही

नागरिकको करबाट सञ्चालित जुनसुकै निकाय र संरचनाहरू लागत प्रभावी हुनु जरूरी छ । त्यसमा पनि जनताकै प्रतिनिधिहरू त यो विषयमा झनै संवेदनशील हुनुपर्दछ । सार्वजनिक लेखा समितिले जस्तो आर्थिक अनियमितताको निगरानी गर्ने नागरिकको सर्वोच्च संयन्त्रले यो विषयमा संवेदनशील भई उदाहरणीय बन्नु जरूरी छ । अन्यथा यसले गरेको निर्णय र निर्देशनको नैतिक र राजनीतिक मान्यतामै प्रश्न खडा हुन्छ ।

तर समितिको काम-कारबाहीमा यो विषयलाई खासै ध्यान दिइएको देखिंदैन । कतिपय बैठकमा खासै कुनै विषयमा छलफल नगरी वा सारै फितलो छलफल गरेको समितिका निर्णयको अभिलेख विश्लेषण गर्दा भेटिए । कतिपय विषयमा ११-१२ पटक बैठक बस्ने, स्थलगत अनुगमन पनि गर्ने तर विना कुनै निर्णय उक्त विषय तुहिने वा निर्णयमा आदर्श/नैतिक कुरा गरी टुंग्याउने गरिएको पाइयो ।

कुनै विषयमा छलफल सुरु भएपछि उपसमिति गठन गर्ने चलन रहिआएको छ । महालेखा परीक्षकको प्रतिवेदन प्राप्त भएपछि त्यसमा मन्त्रालयगत रूपमा उपसमिति बनाएर कतिपय अवस्थामा स्थलगत भ्रमण समेत गर्ने गरेको अभिलेखमा देखिन्छ जबकि समितिलाई न त बेरुजुको सम्बोधन गर्ने अधिकार छ न त फछ्र्योट गर्ने नै ।

लेखा परीक्षण प्रतिवेदन समितिमा प्रस्तुत हुने व्यवस्थाको मुख्य ध्येय जनताको करको प्रयोगमा भएको अनियमितता जनप्रतिनिधिको माथिल्लो निकायलाई जानकारी होस् र सरकार लाई अनियमितता गर्नबाट रोक्न राजनीतिक तथा नैतिक दाबाव पुगोस् भन्ने मात्र हो ।

त्यस्तै सचिवालयको नितान्त प्रशासनिक प्रकृतिका विषयहरू पनि समितिबाट नै निर्णय गराउने गरेको पाइयो । समितिका बैठक खर्चिला पनि छन् । बैठकमा सदस्यलाई भत्ता, नास्तापानी र अन्य सामग्रीको व्यवस्थापनका साथै समयको प्रयोगले गर्दा ठूलै रकम खर्च हुने हुँदा समितिका बैठकहरू लागत प्रभावी हुन नसकेको प्रति समितिको ध्यान पुग्न जरूरी छ । लागत प्रभावी भन्नाले रकम खर्चका कुरा मात्र हैन समय, श्रम र अन्य स्रोत-साधनको प्रयोग पनि हो ।

#### ६. अस्पष्ट/अव्यावहारिक निर्णय/निर्देशन

समितिको लामो प्रक्रियाबाट आउने कतिपय निर्णय/निर्देशनहरू अस्पष्ट र अव्यावहारिक हुने गरेका छन् भने कतिपय नैतिक पाठका रूपमा मात्र । यस्ता निर्णयहरू कार्यान्वयन गर्न कठिन मात्र हैन यसले सरोकारवालाहरूको मनोविज्ञानमा नकारात्मक प्रभाव पार्ने सम्भावना पनि हुन्छ । समितिका कतिपय निर्देशनहरू सतही अध्ययनका आधारमा दिइने हुँदा कार्यान्वयन गर्न व्यावहारिक नहुने सरकारी पक्षको अनुभव छ । विज्ञको प्रयोग भएको पनि खासै देखिएन ।

#### ७. स्वार्थ बाझिने निर्णय

केही वर्षयता संसद्मा झाँगिंदै गएको एउटा प्रवृत्ति हो- आफ्नै स्वार्थ जोडिएका विषयमा सांसदहरूको संलग्नता । सदन र संसदीय समितिमा छलफल, छानबिन हुँदा उनै सांसदहरू सहभागी भएर आफ्नो स्वार्थ अनुकूल निर्णय गराउने प्रवृत्ति बढ्दो देखियो । समितिले कतिपय अवस्थामा कुनै समूहलाई लाभ हुने गरी प्रचलित ऐन कानुनको प्रतिकूल सरकारलाई निर्देशन दिएको पनि देखियो ।

जस्तै, एउटा प्रदेशको सार्वजनिक लेखा समितिले 'विद्यमान कानुनी व्यवस्था अनुसार उपभोक्ता समिति काम गर्न इच्छुक भएमा समितिलाई नै प्राथमिकता दिन प्रदेश सरकार लाई निर्देशन दिने' भन्ने निर्णय गरेको पाइयो । यस्तो निर्णय गर्नु पर्नाको कुनै पृष्ठभूमि उल्लेख छैन । उपभोक्ता समितिको कार्यशैलीप्रति विभिन्न टीकाटिप्पणी आएको र महालेखा परीक्षकले पनि पटक-पटक यो विषय उठाइरहेको पृष्ठभूमि थियो ।

समितिबाट यस्तो निर्देशन हुनुमा स्वार्थरहित भन्ने अवस्था देखिंदैन । न त नियम-कानुनले दिएको प्रक्रियामा विना औचित्य समितिले सरकारलाई लगाम लगाउनु उपयुक्त हुन्छ ।

#### ८. कार्यक्षेत्र जुध्ने, समितिबीच समन्वयको अभाव

कतिपय अवस्थामा सार्वजनिक लेखा समिति र अर्थ तथा प्राकृतिक स्रोत समितिको बीचमा कार्य क्षेत्रको विषयमा विवाद परेको अनुभव रहेको छ । विशेषत: अर्थ तथा प्राकृतिक स्रोत समितिले लेखा समितिले हेर्ने विषयमा पनि हस्तक्षेप गरेकोले विवाद उत्पन्न भएको अनुभव रहेको छ । कतिपय अवस्था र विषयमा लेखा समिति र अन्य समितिबाट एउटै विषयमा फरक-फरक निर्देशन जाने गरेको पनि पाइयो ।

यस्ता विषयहरूको निरूपण गर्न नियमावलीमा व्यवस्था गरिएको पनि छ । प्रतिनिधिसभा नियमावलीमा समितिका कार्यक्षेत्र सम्बन्धमा विवाद उठेमा सभामुखको निर्णय अन्तिम हुनेछ भन्ने व्यवस्था रहेको छ । त्यस्तै प्रावधान प्रदेश नियमावलीमा पनि छ । यस्तै विषयवस्तुका लागि सभामुखको अध्यक्षतामा विषयगत समितिका सबै सभापतिहरूको बैठक बस्न सक्ने प्रावधान नियमावलीमा रहेको छ । तथापि आक्कलझुक्कल बाहेक यस्तो बैठक नियमित बसेको पाइएन । समितिहरूबीच पर्याप्त समन्वय भएको पनि पाइएन । कुनै समितिसँग संयुक्त बैठक बसेको अनुभव पनि भेटिएन ।

#### ९. सूचनामा सीमित पहुँच

प्रतिनिधिसभा र बागमती प्रदेशका सार्वजनिक लेखा समितिले बैठकका निर्णयहरू सहित आ-आफ्ना गतिविधि वेबसाइटमा राखेको पाइन्छ । तर अन्य प्रदेशमा वेबसाइटमा त्यस्ता सूचनाहरू पाइँदैन । नियमावलीले समितिको वार्षिक प्रतिवेदन तयार गरी वार्षिक अनुमान पेश हुनु अगावै र अरू प्रतिवेदन जुनसुकै समयमा सभामा प्रस्तुत गर्न सक्ने व्यवस्था गरेको छ ।

त्यति मात्र हैन, सभामा पेश भएका प्रतिवेदन सम्बन्धित मन्त्रीले कार्यान्वयन गर्नुपर्ने र समितिले आफ्नो वार्षिक प्रतिवेदन कार्यान्वयन भए नभएको अनुगमन एवं मूल्यांकन गरी सोको प्रतिवेदन सभामा पेश गर्न सक्ने व्यवस्था पनि गरेको छ । तर कतिपय प्रदेशमा अन्तिमसम्म कुनै पनि वर्षको प्रतिवेदन बनेका थिएनन् । प्रतिवेदन नै समयमा नबनेपछि सूचनाको पहुँच सीमित हुने नै भयो । बनेका प्रतिवेदनमा पनि एकरूपता छैन, पर्याप्त सूचना भेटिंदैन । उक्त चुनौतीलाई सम्बोधन गर्नका लागि प्राप्त सूचना र त्यसको विश्लेषणका आधारमा केही सुझावहरू प्रस्तुत गरेको छु-

#### क. सभापतिको चयन र संरचनागत व्यवस्था

सभापतिको चयन समयमा नहुँदा समिति निष्क्रिय जस्तो हुँदोरहेछ । समितिको गठन समयमा भएतापनि सभापतिको चयनमा भने ढिला हुने गरेको अघिल्ला विश्लेषणमा देखिएको छ । नियमावलीमा एक महिना भित्र चयन गर्नुपर्ने प्रावधान रहेको छ । त्यो प्रावधानलाई कडाइका साथ कार्यान्वयन गर्नु जरूरी छ । यसको प्रमुख जिम्मेवारी सभामुखलाई हुने हुँदा दलहरूको मुख ताकेर बस्ने भन्दा पनि नियमावली अनुसार निर्वाचन मिति तोक्ने अभ्यास गर्नु आवश्यक छ ।

सार्वजनिक लेखा समितिको सभापतिमा विपक्षी दलको सदस्य निर्वाचित हुने अभ्यासलाई अक्षुण्ण राख्न नियमावलीमै प्रमुख प्रतिपक्ष दलको सदस्यहरू मध्येबाट उम्मेदवार हुने प्रावधान राख्नु जरूरी छ । त्यस्तै, समितिको कामकारबाहीलाई स्वार्थरहित विषयवस्तुको आधारभूत ज्ञान भएका र विपक्षीको बहुमत हुने गरी लेखा समितिको गठन हुने अभ्यास गर्नु उपयुक्त हुन्छ । त्यस्तै नेपालको संविधानले सुनिश्चित गरेको ३३ प्रतिशत महिलाको सहभागिता र सामाजिक समावेशितालाई ध्यान पुऱ्याउनुपर्दछ ।

#### २. कार्यान्वयनको बलियो आधार: वस्तुनिष्ठ निर्णय र आवधिक समीक्षा

यदि निर्णय/निर्देशनहरूको प्रभावकारी कार्यान्वयन भएन भने जति राम्रा निर्णय गरे पनि त्यसको कुनै अर्थ रहँदैन । तसर्थ निर्णयलाई कार्यान्वयनमा लैजानु प्रमुख कुरा हो । त्यसको लागि निर्णय तथ्यपरक र वस्तुनिष्ठ हुनु जरूरी छ । समितिले गर्ने कतिपय विषयहरू प्राविधिक कुरासँग जोडिने हुँदा निर्णय प्रक्रियामा विज्ञ संलग्न गराउनु आवश्यक हुन्छ ।

यसका लागि विज्ञहरूको सूची बनाएर उनीहरूको सुझाव लिने कार्यविधि बनाउँदा उपयुक्त हुन्छ । कतिपय प्रदेशले नियमावलीमा संशोधन गरी विज्ञको विधिवत् प्रयोग गर्ने व्यवस्था पनि गरेका छन् । समितिले निर्देशन दिंदा आफ्नो क्षेत्राधिकारमा प्रष्ट हुनुपर्छ र सरोकारवाला पक्षहरूसँग पर्याप्त छलफल गर्नुपर्छ । यसरी दिइएका निर्देशन कार्यान्वयन भए-नभएको पनि निरन्तर समीक्षा र अनुगमन गर्ने व्यवस्था मिलाउनु आवश्यक छ । निर्णय कार्यान्वयन गरे-नगरेको कुरा कर्मचारीको कार्यसम्पादन मूल्यांकनसँग जोडिने नीतिगत व्यवस्था हुनुपर्छ भने राजनीतिक नेतृत्व अर्थात् मन्त्रीलाई सभामा खेद प्रस्ताव पेश गर्ने प्रावधान गरिनु उपयुक्त हुन्छ ।

समितिका काम-कारबाहीलाई लागत प्रभावी बनाउन पनि उत्तिकै जरूरी छ । त्यसका लागि छानबिनका छिटो-छरितो तरिका अवलम्बन गर्नु जरुरी छ । कतिपय विषयहरू सूचनाप्रविधिको प्रयोग गरेर पनि अनुगमन, समीक्षा, छानबिन गर्न सकिने हुन्छ । त्यस्ता प्रविधिको विकास गर्दै जानुपर्छ ।

#### ३. समितिहरूबीच समन्वय

कार्यक्षेत्र जुधेको वा अर्को समितिको कार्यक्षेत्र पनि आकर्षित हुने विषयमा संयुक्त बैठक/अनुगमनको अभ्यास प्रभावकारी हुन्छ । कतिपय आर्थिक कुराहरू पनि अन्य समितिको कार्यक्षेत्रमा पर्ने विषयसँग जोडिएको हुनसक्छ । त्यस्तो अवस्थामा संयुक्त बैठक बस्ने वा छानबिनका लागि सम्बन्धित समितिमा पठाउने अभ्यास गर्नु श्रेयस्कर हुन्छ । त्यस्तै अन्य समितिबाट पनि आर्थिक विषय भए लेखा समितिमा पठाउने चलन बसाउनुपर्छ । नियमावलीमा भएको व्यवस्था अनुसार सभामुखको अध्यक्षतामा बस्ने विषयगत समितिका सभापतिहरूको बैठक नियमित गराउन सकेमा समितिका कामकारबाही प्रभावकारी हुने मात्र हैन विरोधाभासपूर्ण निर्देशन जानबाट रोकिन्छ । तसर्थ विषयगत समितिहरूबीच अझै त्यसमा पनि लेखा समिति र अन्य समितिका बीचको समन्वय अत्यन्तै खाँचो रहेको छ ।

#### ४. नागरिक पहुँच बढाउने

समितिले हेर्ने विषय नागरिक सरोकारको विषय भए तापनि नागरिकको पहुँच आशातित रूपमा नपुगेको तथ्य समितिमा सरोकारवालाहरूबाट पर्ने नगन्य उजुरीले नै देखाउँछ । समितिले विषय उठान गर्दा पत्रपत्रिकामा आउने विषयलाई नै आधार मान्नु परेको छ ।

*बाँकी पृष्ठ-३....*

सर्वोच्च अदालतको व्याख्या :

# ‘नक्कली बिल बनाउनेलाई अधिकतम जरिवाना हुनुपर्छ’

काठमाडौं/नक्कली भ्याट बिल प्रकरण सतहमा आएको करिव १३ वर्षपछि सर्वोच्च अदालतले विस्तृत व्याख्या गर्दै कर छल्ने व्यापारिक कम्पनी र फर्महरुलाई कानूनमा उल्लेखित अधिकतम जरिवाना गर्नु नै उचित हुने व्याख्या गरेको छ ।

एक दशकअघि नक्कली भ्याट बिल प्रकरणमा मुछिएका एक कम्पनीको मुद्दामा व्याख्या गर्दै सर्वोच्च अदालतले त्यस्ता कम्पनीहरुलाई सहुलियत स्वरुप कम जरिवाना गर्नु उचित नहुने भनी निर्णय गरेको हो । सर्वोच्च अदालतले संलग्नहरुलाई अधिकतम जरिवाना गरिनुपर्ने दृष्टिकोण अघि सारेको छ ।

सर्वोच्च अदालतका न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ र हरि फूयालको इजलासले नक्कली भ्याट बिल प्रकरणमा मुछिएका गौरव सप्लायर्सलाई ८९ लाख २७ हजार भ्याट निर्धारण गर्ने र त्यति नै रकम जरिवाना गर्ने कर कार्यालयको निर्णय सदर गरेको हो ।

सर्वोच्च अदालतले उक्त कम्पनीलाई २५ प्रतिशत मात्रै जरिवाना गर्नुपर्ने भनी राजस्व न्यायाधीकरणले गरेको निर्णयलाई कानुन विपरित भनी उल्ट्याइदिएको छ । न्यायाधीकरणका तत्कालिन अध्यक्ष कुमार चुडाल सहित सदस्यहरु भोलाप्रसाद खकुरेल र विश्वराज पाण्डेको इजलासले ९ चैत २०७१ मा उक्त कम्पनीलाई २५ प्रतिशत मात्रै जरिवाना हुने भनी निर्णय गरेको थियो ।

**कर छल्न नक्कली बिल**

गौरव सप्लायर्सले खर्च देखाउन विभिन्न १२ फर्मबाट सामान किनेको विवरण तयार गरी कर कार्यालयमा पेश गरेको थियो । विभिन्न फर्म तथा कम्पनीहरुले भ्याट छल्न र नाफा कम देखाउन त्यसरी नक्कली कागजात तयार गरेका हुन्छन् ।

कर कार्यालयले अनुसन्धान गर्दा गौरव सप्लायर्सले १२ फर्मका नाममा एनसीसी बैंकका ५९ वटा चेक जारी गरेको खुल्यो । थप ७ वटा फर्मका नाममा कृषि विकास बैंकका १८ वटा चेक बनेका थिए । कुल ७७ वटा चेकमध्ये ५२ वटा चेकको रकम गौरव सप्लायर्सका कर्मचारी बासुदेव पुडासैनीले नगदै बुझेर लिएको खुल्यो । बाकी चेकको रकम गौरव सप्लायर्सकै सञ्चालक र कर्मचारीले फर्मको अर्को खातामा जम्मा गरेको भेटियो ।

बैकबाट रकम निकाल्दा वासुदेव पुडासैनीले फर्मकै नामको परिचयपत्रको फोटोकपी बैंकमा बुझाएका थिए । अर्को कुनैपनि कम्पनीसँगको कारोवार नगरी केवल कागजी रुपमा मात्रै लेनदेन देखाएर गौरव सप्लायर्सले भ्याट र आयकर छल्न खोजेको आन्तरिक राजस्व कार्यालय, काठमाडौं-३ को दावी थियो ।

राजस्वले कार्यालयले ‘बिलबिजक र कारोवार बास्तविक नदेखिएको’ निष्कर्ष निकाल्यो । उसले २९ पुस, २०६९ मा गौरव सप्लायर्सबाट कर छली भएको पुष्टि भएको भन्दै ८९ लाख २७ हजार रुपैंया भ्याट तिर्न आदेश दियो ।

नक्कली भ्याट बिल बनाएर कर छलेको भन्दै थप ८८ लाख ८५ हजार रुपैंया जरिवाना तोक्यो । राजस्व कार्यालयले तोकेको भ्याट र शतप्रतिशत जरिवानालाई आन्तरिक राजस्व विभागका महानिर्देशक नेतृत्वको प्रशासनिक पुनरावलोकन संयन्त्रले समेत सदर गरेको थियो ।

निर्णय चित्त नबुझाएर गौरव सप्लायर्सका सञ्चालक रामहिरा पाठक्ले राजस्व न्यायाधीकरणमा पुनरावेदन दिए । अध्यक्ष कुमार चुडाल, सदस्यहरु भोलाप्रसाद खकुरेल र विश्वराज पाण्डेको इजलासले भ्याट निर्धारण त सदर गऱ्यो, तर जरिवानाको निर्णय उल्ट्यायो ।

८८ लाख ८५ हजार रुपैयाँ जरिवाना तोकिएकोमा २२ लाख १८ हजार मात्रै असुल्न आदेश दियो । राजस्व न्यायाधिकरणले ९ चैत, २०७१ मा फैसला गरेको थियो । नक्कली भ्याट बिल प्रकरणमा मुछिएका कम्पनीहरुको मुद्दामा अस्वभाविक रुपमा जरिवाना मिनाहा हुन थालेपछि न्यायपरिषदमा मौखिक एवं लिखित उजुरी परेको थियो । त्यसपछि तत्कालिन अध्यक्ष एवं प्रधानन्यायाधीश कल्याण श्रेष्ठले न्यायाधीकरणको टिम फेरेर चुडालको साटो न्यायाधीश डिल्लीराज आचार्यलाई पठाएका थिए ।

राजस्व न्यायाधीकरणको निर्णय विरुद्ध दुवै पक्ष सर्वोच्च अदालत पुगे । आफूलाई कर निर्धारण गर्नु नै गलत हुने भन्दै गौरव सप्लायर्सका सञ्चालक रामहिरा पाठकले राजस्व न्यायाधीकरणको निर्णय बदर हुनुपर्ने माग गरे । आन्तरिक राजस्व कार्यालय, काठमाडौं-३ ले उक्त फर्मलाई शतप्रतिशत नै जरिवाना तिराउनुपर्ने भन्दै राजस्व न्यायाधीकरणको फैसला बदर गर्न माग गऱ्यो ।

सर्वोच्च अदालतले कर कार्यालयको निर्णयलाई नै सदर गऱ्यो । अनि विना आधार राजस्व न्यायाधीकरणले २५ प्रतिशत मात्रै जरिवाना हुने फैसला गरेको भन्दै कर छलेको कम्पनीलाई शतप्रतिशत जरिवाना तोक्नुपर्ने आदेश गऱ्यो ।

२८ कात्तिक २०७९ मा सर्वोच्च अदालतले गरेको फैसलामा भनिएको छ, ‘राजस्व न्यायाधिकरणबाट कानूनको अप्रासंगिक दफा बमोजिम बिगोको पच्चीस प्रतिशत मात्र जरिवाना हुने भनी सजाय घटाउने भनी गरेको फैसला मिलेको देखिएन । सुरु कार्यालय र विभागबाट भएको अन्तिम कर निर्धारणसम्बन्धी निर्णय मिलेकै देखियो ।’ गतवर्ष भएको फैसलाको पूर्णपाठ सर्वोच्च अदालतले हालै सार्वजनिक गरेको हो ।

**के व्याख्या भयो ?**

नक्कली भ्याट बिल प्रकरणमा मुछिएको गौरव सप्लायर्सले आफूलाई सामान दिएको कम्पनीहरुलाई रकम भुक्तानी गरेको दावी गरेको थियो । तर यथार्थमा ती सबै भक्तानी फर्जी थिए । भुक्तानी बापतको चेक साटेर उसका कर्मचारीले रकम त्यही कम्पनीको खातामा राखेका थिए ।

सर्वोच्च अदालतले ‘सामानको भुक्तानी करदाता फर्मकै कर्मचारीले लिई सोही फर्मकै बैंक खातामा जम्मा गरेको पुष्टि भएको भन्दै त्यसलाई झुट्टा र नक्कली भ्याट बिजकका आधारमा कर कट्टी दाबी गरेको ठहर गऱ्यो ।

‘कारोबार गरेको प्रमाणित हुन वस्तु तथा सेवा बिक्री गरेको बिजक जारी गरी वस्तु आपूर्ति र भुक्तानी भएको प्रमाणित गर्नुपर्ने हुन्छ’ फैसलामा भनिएको छ, ‘त्यसका लागि वस्तु ढुवानी भएको आधार र भुक्तानी भएका भरपाई समेतका कागजातहरूबाट समर्थित भएको हुनु पर्दछ । कागजातहरू पेस गर्न नसकेको अवस्थामा वास्तविक कारोबार भएको भनी मान्न मिल्ने देखिँदैन ।’

जोसँग सामान किनेको दावी भएको हो, ती व्यापारीको अस्थित्व नदेखिएको, उनीहरुको नाममा फर्जी भुक्तानी भएको र भुक्तानी भएको रकम उही फर्मको अर्को खातामा जम्मा भएको देखिएको भन्दै सर्वोच्च अदालतले भनेको छ, कर बिजकको आधारमा मात्र कारोवार भएको भनी अर्थ लगाउन नमिल्ने व्याख्या गरेको हो ।

‘कारोबारको विवरण फारममा भरेकै भरमा र कुनै कम्पनीले यति सामान खरिद भएको हो भनी एकमुष्ट लेखी दिएको आधारमा भ्याट बिजक सक्कली नै रहेको भन्ने पुष्टि हुन सक्दैन’ फैसलामा भनिएको छ, ‘जहाँ वास्तविक कारोबार भएको प्रमाणित भएको छैन त्यस अवस्थामा पेस भएका कागजात तथा विवरणहरू स्वत: झुट्टा तथा नक्कली भएको मान्नु पर्ने हुन्छ ।’

गौरव सप्लायर्सले जानाजान कर छलेको र त्यसमा बदनियत रहेको निष्कर्ष सहित सर्वोच्च अदालतले उसलाई कठोर ताका साथ सजाय गर्नुपर्छ भनी व्याख्या समेत गरेको छ ।

करदाताले जानाजान नक्कली बिल पेश गरेको, राजस्व चुहावट गरी राज्यलाई नोक्सान पुऱ्याएको अनि आफैले कर कट्टी सुविधा लिएको भन्दै सर्वोच्च अदालतले यस्ता कामलाई निरुत्साहित गर्न कानूनी व्यवस्था बमोजिम सजाय गरिनुपर्ने औंल्याएको छ ।

कानून बमोजिम सजाय नगर्ने हो भने कानूनी व्यवस्था आलङ्कारिक स्वरुपमा सिमित रहने हुन्छ’ फैसलाको पूर्णपाठमा भनिएको छ, ‘मूल्य अभिवृद्धि कर ऐन बमोजिम गौरव सप्लायर्सलाई बिगोको शतप्रतिशत जरिबाना हुने गरीसुरु कार्यालय तथा विभागको निर्णय सदर हुने ठहर्छ ।’

एक दशकअघिको बहुचर्चित नक्कली भ्याट बिल प्रकरणमा सर्वोच्च अदालतले गरेको यो हालसम्मकै महत्वपूर्ण फैसला हो । यसअघि तत्कालिन प्रधानन्यायाधीश चोलेन्द्रशम्सेर जबरा र न्यायाधीश प्रकाशकुमार ढुंगानाको इजलासले २८ पुस २०७६ मा भाटभटेनी डिपार्टमेन्ट स्टोरलाई नक्कली भ्याट बिल प्रकरणमा दोषी ठहर गरी कर निर्धारण र जरिवाना गरेको थियो । तर त्यो फैसलामा नक्कली भ्याट बिल तयार पार्ने र त्यसबाट राज्यकोषमा हुने नोक्सानीका वारेमा विस्तृत विवेचना भएको थिएन ।

त्यतिबेला आफैंले गरेको फैसलामा तत्कालिन प्रधानन्यायाधीश जबरा टिक्न सकेनन् । फैसला गरेको केही महिनामा नै उनले त्यसविरुद्ध परेको निवेदनमा ‘पुनरावलोकन हुने आदेश गर्न’ न्यायाधीशहरुलाई दबाब दिएका थिए । हेर्नुहोस्- (जबराका ‘सेटिङ’, जसले न्यायाधीशहरूलाई विद्रोहमा उताऱ्यो)

दवाव खेप्ने न्यायाधीश मध्ये पछिल्लो फैसलामा संलग्न फूयाल पनि एक हुन् । पुनरावलोकनको अनुमती भएका कारण भाटभटेनीको मुद्दा भने सर्वोच्च अदालतको तीन सदस्यीय पूर्ण इजलासमा विचाराधिन छ । भाटभटेनीका लागि दुई वर्षअघि नै कम्तीमा एक अर्ब ३६ करोड रुपैयाँ कर र जरिवाना असुल्ने निर्णय भएको थियो ।

नक्कली भ्याट बिलको प्रयोग मौलाएको उजुरीपछि ८ पुस, २०६७ मा आन्तरिक राजस्व विभागले छानविन समिती गठन गरेको थियो । विभागका तत्कालिन उपमहानिर्देशक लक्ष्मण अर्यालको संयोजकत्वमा गठित समितीले ३ अर्ब २५ करोड रुपैयाँको कर छली भएको प्रारम्भिक नतिजा निकालेको थियो ।

अनुसन्धान हुदै जादा ५ सय १८ वटा व्यापारीक फर्महरुले नक्कली भ्याट बिल बनाई कर छलेको घटनामा ३ अर्ब ७ करोड रुपैयाँ भ्याट, ३ अर्ब ३३ करोड रुपैयाँ आयकर र २० करोड ५० लाख रुपैयाँ अन्तशुल्क निर्धारण गर्ने निर्णय भएको थियो ।

यसबाट कुल ६ अर्ब ५९ करोड रुपैयाँ कर निर्धारण भयो । त्यतिबेलाका कर निर्धारण र जरिवानामा परेका करिव डेढ सय भन्दा बढी कम्पनीहरुले तहतह हुदै दिएका पुनरावेदनका मुद्दा सर्वोच्च अदालतमा विचाराधिन छन् ।

*(स्रोत: अनलाइनखबर)*




# दीवाकर भन्छन्, ‘पललाई ‘मायावी’ले नयाँ उचाईं दिनेछ’



काठमाडौं/एउटा घटनाका कारण एक वर्ष जेल जीवन विताएर गत फागुनमा रिहा भएका अभिनेता पल शाहले फिल्म ‘मायावी’बाट कमब्याक गर्दैछन् । फिल्ममा उनको जोडी अभिनेत्री दीपिका प्रसादसँग बाँधिएको छ । दशैंका लागि ‘ब्रेक’ लिँदै बुधबारबाट फिल्मको पहिलो चरणको छायांकन सकिएको छ । दोस्रो चरणको छायांकन दशैंलगत्तै पोखरा र भारतको बैंग्लोर तथा मुम्बईमा हुने जनाइएको छ ।

लभस्टोरी फिल्ममा आफूलाई प्रमाणित गरिसकेका दीवाकर भट्टराईले फिल्मको निर्देशन गरेका हुन् । यस फिल्मलाई उनी आफ्नो ‘ड्रिम प्रोजेक्ट’ मान्छन् । र, पहिलो चरणको छायांकन र म्रोसँग सकिएको उनले बताए । ‘मायावी’ले पललाई करिअरमा नयाँ उचाईं दिने उनको दाबी छ । कामको हिसाबले उनका अघिल्ला फिल्मभन्दा यसमा धेरै राम्रो रहेको पनि दीवाकरले जिकिर गरेका छन् ।

कमब्याक फिल्म भएकाले स्वभाविक रुपमा पललाई ‘मायावी’ अर्थपूर्ण छ । यसपटक उनलाई दुईवटा कुराको चुनौती छ । पहिलो, अभिनयको आलोचनाबाट मुक्त हुनुपर्नेछ । उनको आलोचना प्राय: अभिनयलाई लिएर हुने गर्छ । दोस्रो, सुखद् कमब्याकका लागि ‘मायावी’ सफल हुनुपर्नेछ । यी दुई चुनौती चिर्न सकेको खण्डमा दीवाकरले भनेझैं उनले करिअरमा एउटा उचाईं हासिल गर्नेछन् ।

पल र दीपिकासँगै सुशील सिटौला, समिम खान, करिश्मा श्रेष्ठ, प्रशान्त ताम्राकार, लक्ष्मी गिरी, रवि डंगोल, राजाराम पौडेल, अंशु महर्जन, रमा प्रसाईंको पनि अभिनय रहेको फिल्ममा राज कटुवाल र चन्द्र पन्त निर्मातामा छन् भने सह-निर्मातामा राजु पराजुली, रमा प्रसाँई र नमिता झा छन् । कार्यकारी निर्मातामा प्रविन भट्टराई र करण सिंह छन् । सहयोगी निर्मातामा अम्बरीश कश्यप छन् ।

क्रियटिभ सिने आर्ट्सको प्रस्तुतिमा निर्माण भएको ‘मायावी’मा राजु थापाको डीओपी, एसडी योगीको संगीत, राम अविरलको गीत रचना छ । फिल्मको लाइन प्रोड्यूसरमा राजकुमार कार्की छन् । निर्देशक भट्टराई स्वयंको लेखन रहेको फिल्मको कथा पोखराको परिवेशमा तयार पारिएको छ । दोस्रो चरणको छायांकन सकिएपछि फिल्मको प्रदर्शन मिति घोषणा गर्ने तयारीमा निर्माण टिम छ ।

# ‘भष्मे डन’लाई उच्च शो, आक्रामक बन्दै बुकिङ



काठमाडौं/एकातिर ब्रान्ड भ्यालु र अर्कोतिर दशैंको ६ दिन लामो विदा भएकाले फूलपाती अर्थात् कात्तिक ४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘पशुपति प्रसाद २ : भष्मे डन’ले बम्पर कमाई गर्ने निश्चित छ । फिल्मप्रति दर्शकको क्रेजलाई मध्यनजर गर्दै मंगलबार देखि देशभरका अधिकांश मल्टीप्लेक्सहरुले बुकिङ खुलाइसकेका छन् । र, टिकट सुरक्षित गर्नेहरुको संख्या ठूलो मात्रा देखिएको छ ।

फिल्मलाई मल्टीप्लेक्सहरुले उच्च शो प्रदान गरेका छन् । देशको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले फिल्मलाई आफ्नो देशभरको स्टेशनमा ६३ शो बाँडेको छ । यस वर्ष क्यूएफएक्स चेनमा ‘जारी’ (७१ शो) पछि उच्च शो पाउने दोस्रो फिल्म ‘भष्मे डन’ हो । साउथ फिल्म ‘लियो’ र बलिउड फिल्म ‘गणपत’ नआएको भए क्यूएफएक्स चेनमा नै फिल्मले करिब सय शो पाउन सक्थ्यो ।

भष्मे डनलाई किन सुधारियो ? दीपेन्द्र भन्छन्, ’हरेक मान्छेको दुईटा पाटो हुन्छ’

क्यूएफएक्समा बुकिङ खुलेसँगै फिल्मको टिकट आक्रामक रुपमा बिक्री भैरहेको छ । केही शो बुधबार साँझसम्ममा ‘सोल्डआउट’ हुने सम्भवना देखिएको छ । बुकिङको ट्रेन्ड हेर्दा शुक्रबारसम्ममा क्यूएफएक्सअन्तर्गत काठमाडौंका प्राय: हलमा फिल्मको टिकट हाहाकार हुनसक्ने देखिन्छ । यो अवस्थामा दुई विदेशी फिल्मको शो कटाएर पनि ‘भष्मे डन’लाई दिनपर्ने दबाब सिर्जना हुनसक्छ ।

त्यस्तै, दोस्रो ठूलो मल्टीप्लेक्स चेन आइएनआईले आफ्नो तीन स्टेशनमा फिल्मलाई १५ शो दिएको छ । यहाँ पनि फिल्मको बुकिङ राम्रो देखिएको छ । यसैगरी, काठमाडौंका वान सिनेमाजले दुई स्टेशनमा कूल १३ शो, रञ्जना सिनेप्लेक्स, विएसआर मुभिज र बिग मुभिजले समान ६/६ शो, एफक्यूबले ९ शो (यसमध्ये दुई शो सोल्डआउट) र कीर्तिपुर सिनेप्लेक्सले २ शो उपलब्ध गराएका छन् ।

फिल्मले देशभरका मल्टीप्लेक्सहरुमा डेढ सयभन्दा बढी शो पाएको देखिन्छ । यी सबै शो हाउसफुल भएको अवस्थामा फिल्मले २ करोडमाथि ओपनिङ गर्न सक्नेछ । बचेखुचेका सिंगल हल पनि प्राय: यही फिल्मले कब्जा गर्दैछ । ठूलो हाइप रहेको फिल्मलाई बलियो ‘वर्ड अफ माउथ’ मिलेको खण्डमा फिल्म ‘कबड्डी ४’को २२ करोडको रेकर्ड तोड्न सक्ने आँकलन कतिपयले गरेका छन् ।

७ वर्ष अगाडि प्रदर्शनमा आएको फिल्म ‘पशुपति प्रसाद’को चरित्र केन्द्रित सिक्वेलको रुपमा निर्माण भएको फिल्ममा विपिन कार्की, स्वस्तिमा खड्का, सौगात मल्ल, रविन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकास घिमिरे, लोकेन्द्र लेखक, मिस्श्री थापा, सजन थापा मगर, विभु पौडेल लगायतको अभिनय छ । दीपेन्द्र के. खनालद्वारा निर्देशित फिल्मको निर्माता तथा लेखक खगेन्द्र लामिछाने हुन् ।

# संसदीय लेखा समितिको...

लुम्बिनी प्रदेशले यसको एउटा कारणमा कार्यविधिमा रहेको जटिलतालाई औंल्याएर त्यसलाई संशोधन गरी सहज बनाएको छ । तसर्थ नियमावली वा कार्यविधि वा अभ्यासमा नागरिक पहुँचलाई खुम्च्याउने कुनै प्रावधान भए त्यसलाई संशोधन वा परिमार्जन गरी नागरिकको पहुँचलाई सहज बनाउनुपर्छ ।

**५. खुला सञ्चार: सूचनाप्रविधिको प्रयोग**

अहिलेको जमानामा सञ्चारमाध्यमको पहुँच र प्रयोग एकदमै महत्वपूर्ण हुन्छ । आर्थिक अनियमितताको विषयवस्तु उठान गर्नेदेखि समितिका निर्देशन कार्यान्वयनको स्थिति सार्वजनिक गरेर सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका निभाएका छन् ।

प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले बैठकहरू पत्रकारका लागि खुला गरेतापनि प्रदेशका लेखा समितिका बैठक अझै खुला हुनसकेका छैनन् । यस्ता बैठकलाई पत्रकारका लागि खुला गर्न उपयुक्त हुन्छ । यसले नागरिकले समेत पारदर्शी ढंगले समितिका गतिविधि अवलोकन गर्न पाउँछन् र जनप्रतिनिधिप्रति विश्वास बढ्छ सञ्चारमाध्यमले उठाउने विषयहरूले सरकारलाई थप जवाफदेही बनाउँछ ।

समितिका निर्णय/निर्देशन, कार्यान्वयनको अवस्था र अन्य गतिविधि समेटेर नियमावलीमा तोकेको सीमाभित्र प्रतिवेदन बनाउने, सभामा पेश गर्ने र सार्वजनिक गर्ने कुराको सुनिश्चितता गरिनुपर्छ । यसले सूचनाको पहुँचलाई बढाउँछ । तसर्थ समितिले आफ्ना दस्तावेज र प्रकाशनलाई थप व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

सूचनाको पहुँच अभिवृद्धि गर्न अब सूचनाप्रविधिको प्रयोग व्यापक हुँदै गएको छ । स्रोतसाधन र भौतिक पूर्वाधारका लागि समितिलाई प्रविधिमैत्री बनाउनु अति जरूरी छ । समितिका काम-कारबाहीलाई कागजरहित बनाउँदै ई-गभर्नेन्सको अवलम्बन गर्नुपर्ने हुन्छ ।

**६. क्षमता अभिवृद्धि, कर्मचारी र बजेट व्यवस्था**

समितिका सदस्यहरूले समितिको कामकारबाही बारे सुरुमै अनुशिक्षण/प्रशिक्षण कार्यक्रम गर्नु जरूरी छ । संघीय लेखा समिति र प्रदेशका लेखा समितिका बीच र अन्तरप्रदेश अनुभव आदान-प्रदानका कार्यक्रम नियमित रूपमा हुनु जरूरी छ ।

पहिलो पटक लुम्बिनी प्रदेशमा २०७९ भदौ २१ गते भएको प्रदेश सार्वजनिक लेखा समितिहरूको प्रथम सम्मेलनलाई निरन्तरता दिनु उपयुक्त हुन्छ । त्यस्तै सदस्यहरू र सचिवालयका कर्मचारीहरूलाई छानबिन सम्बन्धी प्रक्रियागत विषयमा क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।

सबैभन्दा महत्वपूर्ण कुरा जनशक्ति नै हो । सचिवालयमा विभिन्न किसिमका विज्ञ सहितका आवश्यक जनशक्तिको व्यवस्था हुनु जरूरी छ । छानबिन, अनुगमन र समितिका अन्य काम-कारबाहीका लागि आवश्यक बजेटको सुनिश्चितता हुनुपर्दछ र बजेट तय भएपछि कटौती नहुने प्रत्याभूत गरिनुपर्दछ । तथापि समितिलाई उपलब्ध बजेटलाई लागत प्रभावी रूपमा परिचालन गरी नैतिक रूपमा वित्तीय अनुशासन तथा कार्यसम्पादनको उदाहरण प्रस्तुत गर्नु अति महत्वपूर्ण हुन्छ ।

निष्कर्ष :

संघीय संरचनामा मुलुकको शासकीय प्रणालीमा रूपान्तर भएपछि पहिलो पटक संघीय संसदको लेखा समितिले नयाँ स्वरूप पायो भने प्रदेशका प्रदेश सभामा सार्वजनिक लेखा समितिको गठन गरियो । यो संघीयता कार्यान्वयनको पहिलो कार्यकाल भएकोले संस्थागत विकासलाई नै यो अवधिको महत्वपूर्ण उपलब्धि मान्नुपर्छ ।

समितिका कतिपय कार्यहरू नवीन प्रकृतिका पनि भेटिए । प्रतिनिधिसभाको लेखा समितिले पत्रकारहरूलाई बैठकभित्र बसेर छलफलको प्रत्यक्ष अवलोकन गरी रिपोर्टिङ गर्ने अनुमति खुला गरेपछि धेरै चर्चा भएको थियो । त्यति मात्र हैन, संसदीय मामिला पत्रकार समाजको गठन सबै प्रदेशमा भएको र प्रत्येक बैठकमा समाज मार्फत पत्रकारहरूलाई आमन्त्रण गर्ने परिपाटी रहिआएको पाइयो । *(साभार: अनलाइनखबर)*


**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140,*
*057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*



# बजाजको बाइक खरिद गर्ने थिङ्ले जिते नगद ५० हजार

साझाकुरा संवाददाता




हेटौंडा, १ कार्तिक/ हेटौंडा उपमहानगरपालिका-१० स्थित होराइजन अटो प्रालिबाट बजाजको पल्सर १५० सिसिको मोटरसाइकल खरिद गर्ने मनहरी निवासी सागर थिङले लक्किड्रमार्फत नगद ५० हजार रुपैयाँ पुरस्कार जितेका छन् ।

उनलाई बुधबार होराइजन अटोका सञ्चालक राजुरत्न बज्राचार्य र लालकाजीरत्न बज्राचार्यले पुरस्कार बापतको रकम हस्तान्तरण गरेका हुन् । बडादसैंलगायतका विभिन्न पर्वको अवसरमा बजाजले पल्सर, डिस्कभर, एभेन्जर, प्लाटिनालगायत विभिन्न ब्राण्डका मोटरसाइकल खरिद गर्ने ग्राहकलाई लक्कीड्र कार्यक्रममा सहभागी हुने मौका दिएको र लक्कीड्र मार्फत नगद उपहार जित्न सक्ने सञ्चालक लालकाजीरत्न बज्राचार्यले बताए ।

उनका अनुसार सो लक्कीड्रमा सहभागी हुने ग्राहकले अधिकतम पुरस्कार नगद २५ लाख रुपैयाँसम्म जित्न सक्नेछन् । यो अफर मोटरसाइकल खरिदकर्ताको लागि अहिलेसम्मकै ठूलो अफर भएको उनले बताए । बजाजले भदौ २४ गतेदेखि मंसिर १४ गतेसम्म बजारको देशैभरका विभिन्न बाइक स्वरुमहरुमा यो अफर लागू गरिरहेको उनले बताए ।

# हेटौंडा ६ र १७ मा बजार अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, १ कार्तिक/ चाडबाड नजिकिँदै जाँदा बजारमा उपभोग्य सामग्रीको अभाब र मूल्यबृद्धि नियन्त्रण गर्नका लागि हेटौंडा उपमहानगरपालिकाले बजार अनुगमन गरेको छ ।

उपमहानगरले गठन गरेको बजार अनुगमन समितिले हेटौंडा ६ र १७ का बिभिन्न पसल तथा व्यापारिक केन्द्रको अनुगमन गरेको हो । अनुगमन समितिका संयोजक तथा हेटौंडा-१ का वडाअध्यक्ष सबिन न्यौपानेको नेतृत्वमा दुई वडाका ११ वटा पसल अनुगमन गरेको उपमहानगरपालिका समाजकल्याण शाखाप्रमुख गंगा चौलागाईले बताइन् ।

अनुगमनका क्रममा पसलहरुमा मूल्यसूचि नराखेको, देखिने गरी पसलको नाम उल्लेख नगरेको, खरिद र बिक्री बिल नभेटिएकाले पहिलो पटकलाई अनुगमन टोलीले सुझाब दिएको उनले बताइन् । अनुगमन टोलीले खाद्यान्न, मदिरा, डेरी, होटललगायतको अनुगमन गरेको थियो ।

अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि महेशकुमार अर्याल, घरेलु तथा साना उद्योग कार्यालयका लेखमान राउत, उपभोक्ता हितसंरक्षण मञ्चका बासु खतिवडा, मकवानपुर उद्योग वाणिज्य संघका सुजन सुवेदी सहित पत्रकार, प्रहरीचौकी चौघडाका प्रतिनिधि, उपमहानगरका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# खेलकुद विकास समितिको नवनिर्मित 'खेलाडी आवासगृह' उद्घाटन

साझाकुरा संवाददाता



हेटौंडा, १ कार्तिक/ खेलकुद विकास समिति मकवानपुरको नवनिर्मित 'खेलाडी आवासगृह' को उद्घाटन गरिएको छ । बुधवार हेटौंडा उपमहानगरपालिका-४ हुप्रचौरस्थित नवनिर्मित भवनको हेटौंडा नगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी हुन् ।

हेटौंडा उपमहानगर पालिकाको कुल २२ लाख रुपैयाँ बजेटमा खेलकुद विकास समितिले दोस्रो तल्लाको एक हल र तेस्रो तल्लाको दुई कोठा निर्माण गरेको हो । भवनको उद्घाटन गर्दै हेटौंटा नगरप्रमुख लामाले संघसंस्था सफल भए उपमहानगरपालिका पनि सफल हुने बताइन् । खेलकुदमा उपमहानगरले करोडौं रकम लगानी गरेपनि भवन निर्माणले दीर्घकालीन रुपमा सहयोग गरेको बताउँदै प्रमुख लामाले भवनको सही सदुपयोग गर्न आग्रह गरिन् ।

त्यसैगरी, हेटौंडा उपमहानगरपालिका प्रवक्ता एवम् हेटौंडा-१ का वडाअध्यक्ष सविन न्यौपानेले नवनिर्मित भवनले टाँढाबाट आउने खेलाडीलाई होटलमा खर्च गरेर बस्नुपर्ने बाध्यता हटेको बताए । उनले खेलाडीहरुको लागि खेलकुद गतिविधि मात्रै नभइ खेलकुदका पूर्वाधारहरु पनि आवश्यक रहेको औंल्याए ।

५० देखि ६० जना बस्न मिल्ने क्षमता भएको नवनिर्मित भवनले वार्षिक करिव ८ लाख बचत हुने खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्गीले जानकारी दिए । कार्यक्रममा समितिका पूर्वकार्यालयप्रमुख खुशराज दाहाल राजनलाई सम्मान पनि गरिएको थियो । कार्यक्रममा निवर्तमान नगरप्रमुख हरिबहादुर महत, हेटौंडा-१ का वडाध्यक्ष न्यौपाने, हेटौंडा-२ का वडाध्यक्ष विष्णुगोपाल महर्जन, हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देल, हेटौंडा-१० का वडाध्यक्ष फुर्वा दोर्जेलामा लगायतको आतिथ्यता रहेको थियो ।

# रोहितको 'फ्रस्ट्रेसन' हटाउने इनिङ्स

काठमाडौं,१ कार्तिक/ बुधबार युएईविरुद्धको त्रिकोणात्मक सिरिजमा १९औं ओभरको चौथो बलमा दीपेन्द्र सिंह ऐरीले एक रन लिँदै स्कोर टाइ भएपछि कप्तान रोहित पौडेल स्ट्राइकमा पुगे ।

रोहितको खातामा ४७ रन थियो । नेपाललाई जितका लागि १ रन चाहिएको थियो भने रोहितलाई अर्धशतक पूरा गर्न ३ रन आवश्यक थियो । एक रन मात्र जोड्दा पनि नेपालले खेल जित्ने थियो । समर्थकहरु रोहितले अर्धशतक हानोस् भनेर कराइरहेका थिए । भयो पनि त्यस्तै । कप्तान रोहितले १९औं ओभरको पाँचौ बलमा मुहम्मद जवादुलल्हलाई चौका प्रहार गर्दै नेपालको जित सुनिश्चित गरे । साथै उनले आफ्नो अर्धशतक पनि पूरा गरे । टी-२०आईमा रोहितको यो चौथो अर्धशतक हो ।

२०२२ अप्रिलमा कीर्तिपुरमा मलेसियाविरुद्ध पहिलो टी-२० आईमा अर्धशतक प्रहार गरेका रोहितले असोजमा चीनको हान्झाउमा भएको १९ औं एसियन गेम्समा मंगोलिया र माल्दिभ्स विरुद्ध पनि अर्धशतक बनाएका थिए ।

बुधबार पनि रोहितले दीपेन्द्रसिंह ऐरीसँग मिलेर उत्कृष्ट ब्याटिङ गरेका थिए । यो जोडीले चौथो विकेटका लागि नटआउट ९३ रनको साझेदारी गरेपछि नेपालले युएईलाई ७ विकेटले पराजित गर्दै टी-२० त्रिकोणात्मक सिरिजमा विजयी सुरुवात गरेको छ ।

क्रिकेट विश्वकप लिग टु मा उत्कृष्ट प्रदर्शन गरेका रोहितले पछिल्लो समय महत्वपूर्ण खेलहरुमा स्कोर गर्न सकिरहेका थिएनन् । युएई विरुद्धको यो इनिङ्सले भने केही राहत अनुभव भएको उनले बताए । 'एकदम खुशी लागिराछ नागपुरमा जुन हिसाबले मिहिनेत गरेको थियौं त्यो नतिजा आइराछ', युएईलाई हराएपछि रोहितले पत्रकारहरुसँग भने ।

चीनमा एसियाड खेलेर फर्केलगत्तै नेपाली टोली नागपुरस्थित राजस्थान रोयल्सको एकेडेमीमा हाई परफरमेन्स क्यापका लागि गएको थियो । दुई दिनअघि मात्र स्वदेश फर्किएको नेपालले बुधबारदेखि सुरु भएको टी-२० सिरिजको पहिलो खेलमै युएईलाई हराएको हो ।

'पछिल्लो दुई-तीन महिना आफ्नै टेक्निकहरुमा वर्क गरिराखेको थिएँ, तर गर्दागर्दै पनि कुनै कुनै बेला फ्रस्टेसन भइराथ्यो किन त्यसले काम गरिराको छैन भनेर । नागपुरमा त्यही कुरामा काम गरेका थियौँ । आज त्यसको नतिजा आएको छ', रोहितले भने ।

हुनत रोहितले टी-२० फर्म्याटमै एसियाडमा दुई अर्धशतक प्रहार गरेका थिए । तर त्यो टी-२० मा डेब्यु गरेको मंगोलिया, माल्दिभ्स जस्ता तुलनात्मक रुपमा कमजोर टोली विरुद्ध थियो।

त्यसैले युएई विरुद्धको अर्धशतकले भने कप्तान रोहितलाई पनि केही राहत महसुस भएको छ ।

एसियाडअघि नेपालले लगातार वान डे फर्म्याटको क्रिकेट खेलेको थियो । त्यसमा पनि एसिया कपमा डेब्यु गर्दै नेपालले भारत र पाकिस्तान जस्ता क्रिकेट हस्ती टिमसँग खेलेको थियो । तर रोहितको प्रदर्शन भने त्यहाँ खराब रह्यो । पाकिस्तानविरुद्ध शून्यमा आउट भएका उनी भारतविरुद्ध पनि ५ रन बनाएर आउट भएका थिए ।

यस्तै एसियाडमा पनि भारत विरुद्ध नै क्वार्टरफाइनल खेलमा रोहितको ब्याट चलेन । उनी ३ रनमै आउट भएका थिए । महत्वपूर्ण खेलमा रोहितको ब्याट नचल्दा समर्थकहरु पनि निराश थिए ।

तर मूलपानीमा भने रोहितले युएई विरुद्ध सम्हालिएर राम्रो ब्याटिङ कला देखाए । सातौं ओभरको अन्तिम बलमा कुशल मल्ल आउट भएपछि रोहित क्रिजमा पुगेका थिए जतिबेला नेपालको स्कोर ४५-२ थियो । नवौं ओभरमा आसिफ शेख आउट हुँदा नेपाल ५१-३ को स्थितिमा पुग्यो । त्यसपछि रोहितले दीपेन्द्र सिंह ऐरीसँग मिलेर इनिङ्स अघि बढाए र यही जोडीले नेपाललाई खेल जितायो ।

त्यसअघि करण केसीले ३ र गुल्सन झाले २ विकेट लिएपछि नेपालले युएईलाई १४० रनमै रोकेको थियो । युएईका लागि बसिल हमिदले ५१ रन बनाए पनि अन्य खेलाडीले राम्रो स्कोर गर्न सकेनन् । मूलपानी मैदानमा पहिलो पटक टी-२० क्रिकेट हुँदा दुवै टोलीको लागि यो नयाँ थियो ।

अर्को वर्ष हुने आईसीसी टी-२० विश्वकपको एसिया छनोटको तयारीको रुपमा रहेको यस सिरिजमा युएईविरुद्ध पहिलो खेल जित्दै नेपालले सुखद सुरुवात गर्दा यो खेल धेरै अर्थमा नेपालका लागि महत्वपूर्ण रह्यो र पछिसम्म पनि सम्झन लायक बन्नेछ । समग्रमा नेपालले राम्रो प्रदर्शन गरेको रोहितले बताए । 'समग्रमा राम्रो रह्यो । विकेट नयाँ थियो आइडिया थिएन तर पहिलो इनिङ्समा राम्रो बलिङ गर्‍यौं । ब्याटिङमा अझै राम्रो गर्न सकिन्थ्यो, रोहितले भने, 'मूलपानीमा सोचे भन्दा बढी दर्शक आउनुभयो । एकदमै खुशी लागिरहेको छ ।'

यही खेलबाट मूलपानी क्रिकेट मैदानले टी-२० अन्तर्राष्ट्रिय डेब्यु गरेको छ । यस्तै लेग स्पिनर श्याम (मौसम) ढकाले नेपालका लागि डेब्यु गरे । मुख्य स्पिनर सन्दीप लामिछानेले टी-२० सिरिजका लागि नमम फिर्ता लिनु र अर्का स्पिनर ललित राजवंशी पनि चोटका कारण भर्खर टिममा फर्कनुले श्यामले आज मौका पाए । डेब्यु खेलमा उनले २ ओभर बलिङ गर्दै १४ रन खर्चिए । लामो समयदेखि नेपाली टिमको साथमा रहेपनि उनले डेब्युका लागि कुर्नुपरेको थियो ।

नागपुर भ्रमणमा श्यामले राम्रो बलिङ गरेकाले अब नेपालका लागि खेल्न सक्षम भएको कप्तान रोहितले बताए । 'नागपुरमा उसले जुन हिसवाले बलिङ गर्‍यो यो लेभलमा डिजर्भ गर्छ जस्तो लाग्छ । आज एउटा छक्का खाएपछि पनि राम्रो बलिङ गर्‍यो । उसको अट्टिच्युड राम्रो थियो ।' *(स्रोत: अनलाइनखबर)*

# मकवानपुरमा बुधवार मात्रै १३ जनामा डेंगू संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा, १ कार्तिक/ मकवानपुरमा बुधवार एकैदिन १३ जनामा डेंगू संक्रमण फेला परेको छ । पछिल्लो एक हप्तामा बुधवार धेरै डेंगू संक्रमित देखिएका छन् ।

जिल्लामा बुधवार थप १३ जनामा डेंगू संक्रमण भएसँगै साउन यता संक्रमितको कूल संख्या ६ सय ३७ पुगेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । बुधबार हेटौंडा उपमहानगरपालिकाका ८ जना, मनहरी गाउँपालिकाका ३ जना र भीमफेदी गाउँपालिकाका २ जनामा डेंगू संक्रमण पुष्टि भएको हो । स्वास्थ्य कार्यालयकाअनुसार जिल्लामा हालसम्म संक्रमित भएकामध्ये सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन् । हेटौंडामा मात्रै ४ सय २७ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

यसैगरी, थाहानगर पालिकाका ३ जना, मकवानपुरगढी गाउँपालिकाका १५ जना, बागमती गाउँपालिकाका २४ जना, मनहरी गाउँपालिकाका ६४ जना, इन्द्रसरोवर गाउँपालिकाका ४ जना, भीमफेदी गाउँपालिकाका ३३ जना, बकैया गाउँपालिकाका १८ जना र राक्सिराङ गाउँपालिकामा २ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

# उपमहानगरले दियो साना किसानलाई ट्रयाक्टर

हेटौंडा, १ कार्तिक/ हेटौंडा उपमहानगरपालिकाले कृषिक्षेत्रमा लगानी गर्दै आएको सहकारीलाई अनुदानको ट्रयाक्टर बितरण गरेको छ । हेटौंडा-१९ बस्तिपुरमा रहेको साना किसान कृषि सहकारी सस्थालाई बुधबार हेटौंडा उपमहानगरपालिका नगरप्रमुख मीनाकुमारी लामाले ट्रयाक्टर हस्तान्तरण गरेकी हुन् । उपमहानगरले हस्तान्तरण गरेको ट्रयाक्टर सहकारी संस्थाका अध्यक्ष सुनमाया दोङले बुझेकी हुन् । उपमहानगरपालिकाले ५० प्रतिशत अनुदानमा दिएको ट्रयाक्टले सहकारीमा आवद्ध स्थानीयले गर्ने कृषिको काममा सहयोग पुर्‍याउने बिश्वास लिइएको छ ।


## हार्दिक बधाई तथा शुभकामना




हेटौंडा-१० टिसिएनरोडस्थित होराइजन अटो प्रा.लि.बाट मिति २०८० कात्तिक १ गते बुधबार बजाज कम्पनीको १५० सिसिको पल्सर मोटरसाइकल खरिद गर्ने क्रममा मनहरी निवासी **सागर थिङ**ले लक्किड्रमार्फत् नगद ५० हजार रुपैयाँ पुरस्कार जित्न सफल हुनु भएकोमा होराइजन अटो प्रा.लि. परिवारका तर्फबाट हार्दिक बधाई तथा शुभकामना ब्यक्त गर्दछौं ।

**सञ्चालक : राजुरत्न बज्राचार्य/लालकाजीरत्न बज्राचार्य**

**होराइजन अटो प्रा.लि.**

हेटौंडा-१०, मकवानपुर


## हेटौंडा उपमहानगरपालिका ९ नं. वडा कार्यालयको सूचना

*यौन हिंसाबाट बचौं र बचाऔं ।*

यौनजन्य हिंसा सामाजिक अपराध हो । यस्तो हिंसा छिमेकी, आफन्त र नातेदारबाट समेत हुनसक्छ। अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं। उनीहरुको चालचलन, बानी व्यवहारमा अस्वभाविक परिवर्तन आएको हुनसक्छ। त्यस्तो पाइए तत्काल उनीहरुसँग कुरा गरौं। बालबालिकालाई कुनै समस्या भए मन मिल्ने साथी वा अभिभावकलाई बताऔं ।

**शुकराम केसी**
वडा अध्यक्ष तथा
**९ नं. वडा कार्यालय परिवार**

## जनहितमा जारी सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

| मुलुकी अपराध संहिता २०७४ | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३) | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म गरिवाना हुनेछ । |
| विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । | |

रामकृष्ण कोइराला (अध्यक्ष)
१६ नम्बर वडा कार्यालय,
**हेटौंडा उपमहानगरपालिका**

## जनहितमा जारी सूचना




नरनाथ सुवेदी (अध्यक्ष)
१९ नम्बर वडा कार्यालय,
**हेटौंडा उपमहानगरपालिका**


प्रदेश सरकार
## संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा

## वातावरणीय अध्ययन प्रतिवेदन जाँचवुझ समितिमा रहने विज्ञहरूको सूची (Roster) को लागी दरखास्त आह्वान सम्बन्धी सूचना

मिति:- २०८०/७/०२

प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ४ को उपदफा (४) अनुसार वातावरणीय अध्ययन प्रतिवेदन जाँचवुझ गरी राय सुझाव दिनको लागि प्रतिवेदन स्विकृत गर्ने निकायले प्रस्तावसंग सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधि तथा रोष्टरमा सूचिकृत विषय विज्ञ समेतको समिति गठन गर्न सक्नेछ भनि उल्लेख भएकोमा यस मन्त्रालयमा स्विकृतीको लागि प्राप्त हुने वातावरणीय अध्ययन प्रतिवेदनहरुको पुनरावलोकन, मुल्यांकनको साथसाथै प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत निरीक्षण, अवलोकन र अनुगमन गरि प्रस्ताव कार्यान्वयनबाट वातावरणीय भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक- आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीमा पर्न सक्ने प्रभावहरूको आंकलन समेत गर्ने गरी वातावरणीय अध्ययन प्रतिवेदन जाँचवुझ समितिमा वातावरण विज्ञ (प्रस्तावसँग सम्बन्धित विषयविज्ञ) को रुपमा काम गर्न इच्छुक महानुभावहरुले यस मन्त्रालयमा निवेदन पठाउनहुन अनुरोध छ । विष्तृत जानकारीको लागी यस मन्त्रालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

## जनहितमा जारी सूचना




विष्णु गोपाल महर्जन (अध्यक्ष)
२ नम्बर वडा कार्यालय,
**हेटौंडा उपमहानगरपालिका**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना